नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार काठमाडौं

# प्रेस विज्ञप्ति

आज मिति २०७६/१/८ गते आइतवारका दिन माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यूको समुपस्थितिमा अर्थ मन्त्रालयमा आर्थिक बर्ष २०७५/७६ को नीति तथा कार्यक्रम, बजेट कार्यान्वयन तथा पूँजीगत खर्च वृद्धि गर्ने बिषयमा छलफल सम्पन्न भयो। उक्त अवसरमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा. डा. पुष्प कँडेलज्यू, अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालयका सचिवज्यूहरु र अन्य पदाधिकारीहरुको समेत उपस्थिति रहेको थियो।

बैठकमा चालु आर्थिक बर्षको बाँकी अवधिलाई बजेट कार्यान्वयनका लागि सदुपयोग गर्न आग्रह गर्दै माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले सिर्जित दायित्व शीघ्र फरफारक गर्न, खर्च हुन नसक्ने बजेट फिर्ता गर्न र सोधभर्नामा थप पहल गर्न निर्देशन दिनुभयो। उक्त अवसरमा माननीय मन्त्रीज्यूले आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा आर्थिक र सामाजिक विकासमा सहयोग पुग्ने किसिमका कार्यान्वयनयोग्य, प्रादेशिक सन्तुलन हुने गरी योजना तथा कार्यक्रम प्रस्ताव गर्न आग्रह गर्नुभयो। उहाँले प्रत्येक निकायले आ-आफ्नो कार्यप्रकृति अनुरुप जिम्मेवार र जवाफदेही रुपमा दोहोरोपना हटाई ठोस उपलब्धी प्राप्त गर्नेगरी कार्यसम्पादन गर्न समेत जोड दिनुभयो।

उक्त कार्यक्रममा विषयगत मन्त्रालयका सचिवज्यूहरुले हालसम्म भएको मन्त्रालयगत प्रगति, आयोजना कार्यान्वयनमा देखिएका समस्याहरु र सहजीकरण गर्नुपर्ने विषयका सम्बन्धमा आ-आफ्नो भनाइ राख्नुभएको थियो। सोही अवसरमा अर्थ सचिव श्री राजन खनालले वित्तीय अनुशासन कायम गर्न र कार्यसम्पादनको जवाफदेहिता सबैले लिन आग्रह गर्दै स्रोतको सीमितता अनुरुप कार्यक्रम प्राथमिकीकरण गर्न आग्रह गर्नुभयो। राजस्व सचिव श्री लालशंकर घिमिरेले आगामी वर्षको बजेट तर्जुमा गर्दा कार्यान्वयनयोग्य बजेट निर्माण गर्न ध्यानाकर्षण गराउनु भएको थियो।

अर्थ मन्त्रालयका सहसचिव श्री उत्तरकुमार खत्रीले चैत्रसम्मको समग्र बजेटको खर्च स्थिति, मन्त्रालय / निकायगत बजेट तथा खर्चको स्थिति, राष्ट्रिय गौरवका आयोजनाको बजेट र खर्चको स्थिति, सोधभर्नाको अवस्था, चालू आर्थिक बर्षमा थप बजेट मागको प्राप्त विवरण, बजेटको प्रभावकारी कार्यान्वयनका लागि गरिएका नीतिगत/कार्यगत प्रयासहरू र बजेट कार्यान्वयनको अवस्थाका बारेमा प्रस्तुती गर्नु भएको थियो ।

(उत्तरकुमार खत्री)
सहसचिव/ प्रवक्ता

२०७६ बैशाख ८ गते आइतबार
अर्थ मन्त्रालय, सिंहदरवार।

## प्रेस विज्ञप्ति

आज मिति २०७६/१/८ गते आइतवारका दिन माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यूको समुपस्थितिमा अर्थ मन्त्रालयमा आर्थिक बर्ष २०७५/७६ को नीति तथा कार्यक्रम, बजेट कार्यान्वयन तथा पूँजीगत खर्च वृद्धि गर्ने बिषयमा छलफल सम्पन्न भयो। उक्त अवसरमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा. डा. पुष्प कँडेलज्यू, अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालयका सचिवज्यूहरु र अन्य पदाधिकारीहरुको समेत उपस्थिति रहेको थियो।

बैठकमा चालु आर्थिक बर्षको बाँकी अवधिलाई बजेट कार्यान्वयनका लागि सदुपयोग गर्न आग्रह गर्दै माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले सिर्जित दायित्व शीघ्र फरफारक गर्न, खर्च हुन नसक्ने बजेट फिर्ता गर्न र सोधभर्नामा थप पहल गर्न निर्देशन दिनुभयो। उक्त अवसरमा माननीय मन्त्रीज्यूले आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा आर्थिक र सामाजिक विकासमा सहयोग पुग्ने किसिमका कार्यान्वयनयोग्य, प्रादेशिक सन्तुलन हुने गरी योजना तथा कार्यक्रम प्रस्ताव गर्न आग्रह गर्नुभयो। उहाँले प्रत्येक निकायले आ-आफ्नो कार्यप्रकृति अनुरुप जिम्मेवार र जवाफदेही रुपमा दोहोरोपना हटाई ठोस उपलब्धी प्राप्त गर्नेगरी कार्यसम्पादन गर्न समेत जोड दिनुभयो।

उक्त कार्यक्रममा विषयगत मन्त्रालयका सचिवज्यूहरुले हालसम्म भएको मन्त्रालयगत प्रगति, आयोजना कार्यान्वयनमा देखिएका समस्याहरु र सहजीकरण गर्नुपर्ने विषयका सम्बन्धमा आ-आफ्नो भनाइ राख्नुभएको थियो। सोही अवसरमा अर्थ सचिव श्री राजन खनालले वित्तीय अनुशासन कायम गर्न र कार्यसम्पादनको जवाफदेहिता सबैले लिन आग्रह गर्दै स्रोतको सीमितता अनुरुप कार्यक्रम प्राथमिकीकरण गर्न आग्रह गर्नुभयो। राजस्व सचिव श्री लालशंकर घिमिरेले आगामी वर्षको बजेट तर्जुमा गर्दा कार्यान्वयनयोग्य बजेट निर्माण गर्न ध्यानाकर्षण गराउनु भएको थियो।

अर्थ मन्त्रालयका सहसचिव श्री उत्तरकुमार खत्रीले चैत्रसम्मको समग्र बजेटको खर्च स्थिति, मन्त्रालय / निकायगत बजेट तथा खर्चको स्थिति, राष्ट्रिय गौरवका आयोजनाको बजेट र खर्चको स्थिति, सोधभर्नाको अवस्था, चालू आर्थिक बर्षमा थप बजेट मागको प्राप्त विवरण, बजेटको प्रभावकारी कार्यान्वयनका लागि गरिएका नीतिगत/कार्यगत प्रयासहरू र बजेट कार्यान्वयनको अवस्थाका बारेमा प्रस्तुती गर्नु भएको थियो ।

(उत्तरकुमार खत्री)
सहसचिव/ प्रवक्ता

२०७६ बैशाख ८ गते आइतबार
अर्थ मन्त्रालय, सिंहदरवार।